नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ४११०८२
दर्ता मिति: २०८२।११।२६

# राष्ट्रिय मानव अधिकार आयोग

## मानव अधिकार सम्मान तथा पुरष्कार सम्बन्धी निर्देशिका, २०७६

**प्रस्तावना**

मानव अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुको योगदानलाई कदर गर्दै यस क्षेत्रमा कार्यरत् व्यक्तिहरुलाई प्रोत्साहित गरी मानव अधिकार संस्कृतिको उत्थान गर्नु आयोगको जिम्मेवारी भित्रको कुरा हो । यो कार्य सम्पन्न गर्ने क्रममा मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने योगदानकर्तालाई सम्मानित तथा पुरष्कृत गर्दै मानव अधिकार संस्कृतिको विकासक्रम व्यवस्थित रूपले सञ्चालन गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२(२) बमोजिम यो निर्देशिका तयार गरी लागू गरिएको छ ।

### परिच्छेद्-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार सम्मान तथा पुरष्कार सम्बन्धी निर्देशिका, २०७६" हुनेछ ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४८ अन्तर्गत गठित राष्ट्रिय मानव अधिकार आयोगलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनु पर्दछ ।

(ग) "व्यक्ति" भन्नाले प्राकृतिक तथा कानूनी व्यक्तित्वधारी मानिस वा संघ संस्था सम्झनु पर्दछ ।

(घ) "सम्मान" भन्नाले मानव अधिकारको क्षेत्रमा लामो समयदेखि संलग्न रही विशिष्ठ र उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिलाई आयोगले गर्ने सम्मान सम्झनु पर्दछ ।

(ङ) "मानव अधिकार पुरष्कार" भन्नाले मानव अधिकारका विभिन्न विषयहरूमा लामो समय संलग्न रही यस क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका व्यक्तिलाई आयोगले प्रदान गर्ने पुरष्कार सम्झनु पर्छ ।

(च) "कर्मचारी प्रोत्साहन पुरष्कार" भन्नाले आयोगले पुरष्कृत गर्न उपयुक्त सम्झेको कर्मचारीलाई तोकिएबमोजिम दिइने पुरष्कार सम्झनु पर्छ ।

DRAFT

(छ) "निर्देशिका" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार सम्मान तथा पुरष्कार सम्बन्धी निर्देशिका २०७६ सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले सम्मान तथा पुरष्कार प्रदान गरिने व्यक्तिको सिफारिश गर्न यस निर्देशिकाको दफा ५(१) बमोजिम गठन गरिएको सिफारिश समितिलाई सम्झनु पर्दछ ।

(झ) "तोकिए बमोजिम" भन्नाले ऐन, निर्देशिका, आयोग र समितिको निर्णयले तोकेको व्यवस्था सम्झनु पर्छ ।

**३. सम्मान तथा पुरष्कारको स्थापनाः**

(१) आयोगले मानव अधिकारको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तिलाई प्रत्येक वर्ष तोकिएको दिन सम्मानित तथा पुरष्कृत गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले मानव अधिकारका विभिन्न विधामा सम्मान तथा पुरष्कारहरू स्थापना गर्न सक्नेछ ।

(३) आयोगले २०६२ साल चैत १५ गते प्रहरीको गोली लागी देहावसान भएका आफ्ना कर्मचारीको स्मृतिमा २०६८ सालमा स्थापना गरेको स्व.दयाराम परियार स्मृति सम्मानलाई निरन्तरता दिएको छ ।

(४) आयोगले २०७५ सालमा आरम्भ गरेको पत्रकारिता पुरष्कार र आयोगका कर्मचारीका लागि प्रोत्साहन पुरष्कारलाई निरन्तरता दिएको छ ।

(५) सम्मान तथा पुरष्कारद्वारा सम्मानित तथा पुरष्कृत गरिने व्यक्तिलाई तोकिए बमोजिमको प्रमाणपत्र समेत प्रदान गरिनेछ ।

(६) पुरष्कारका हकमा आयोगले निर्णय गरेबमोजिम नगद रकम समेत प्रदान गर्न सक्नेछ ।

(७) कुनै वर्ष उपयुक्त व्यक्तिको अभाव महसूस गरेमा सो वर्ष आयोगले सम्मान वा मानव अधिकार पुरष्कार वा कर्मचारी प्रोत्साहन पुरष्कार वा पुरष्कारको कुनै विधाका सबै वा कुनै कार्य नगर्न सक्नेछ ।

**४. कर्मचारी प्रोत्साहन पुरष्कारः**

(१) आयोगले आयोगमा कार्यरत् कर्मचारीहरु मध्येबाट देहायबमोजिम पुरष्कृत गर्नेछ :–

(क) सर्वोत्कृष्ट मानव अधिकार सेवा पुरष्कार

(ख) उत्कृष्ट मानव अधिकार सेवा पुरष्कार

(ग) मानव अधिकार सेवा पुरष्कार

(२) उपदफा (१) बमोजिमको पुरष्कारको लागि प्रदान गरिने राशी आयोगले निर्णय गरेबमोजिम हुनेछ ।

# परिच्छेद-२

# सिफारिश समिति

**(५) समिति गठन र कार्यविधि :**

(१) आयोगले सम्मान तथा पुरष्कार दिने व्यक्ति सिफारिश गर्न देहाय बमोजिमको सिफारिश समिति गठन हुनेछ :-

(क) आयोगको अध्यक्षले तोकेको एक जना सदस्य - संयोजक

(ख) आयोगको सचिव - सदस्य

(ग) आयोगको केन्द्रीय कार्यालयमा कार्यरत् सहसचिवहरु - सदस्य

(घ) आयोगको प्रशासन, योजना तथा अर्थ विभाग प्रमुख - सदस्य सचिव

(२) समितिले सम्मानको प्रयोजनका लागि उपयुक्त व्यक्ति प्रस्तावित गर्न आफ्ना प्रादेशिक तथा शाखा कार्यालयहरूलाई अवधि तोकी निर्देशन दिनेछ ।

(३) समितिले मानव अधिकार पुरष्कारका लागि उपयुक्त व्यक्ति प्रस्तावित गर्न केन्द्रका विभाग, महाशाखा र शाखालाई अवधि तोकी निर्देशन दिनेछ ।

(४) समितिले उपदफा (२) र (३) का प्रक्रियाका अतिरिक्त उपयुक्त समय दिई आयोगको वेभसाइट वा सामाजिक सञ्जाल वा अन्य सञ्चार माध्ययमबाट सार्वजनिक आव्हान गर्न सक्नेछ ।

(५) समितिले कर्मचारी प्रोत्साहन पुरष्कारका लागि उपयुक्त समय दिई कर्मचारीबाट आन्तरिक सञ्चार सञ्जालमा सूचना प्रकाशन गरी आवेदन आव्हान गर्नेछ ।

## परिच्छेद् ३

## सम्मान र पुरष्कारका लागि सिफारिशका आधार

**६. स्व. दयाराम स्मृति सम्मानका लागि सिफारिशका आधारः**

(१) समितिले सम्मान दिने व्यक्तिको नाम सिफारिश गर्न देहायका आधार अवलम्वन गर्नेछ :-

(१) देशमा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न लामो समयदेखि क्रियाशील रहेको,

(२) देशमा अशान्ति, द्वन्द्व र संकट आइपरेका बेलामा मानव अधिकारको स्थापना तथा सुनिश्चितता कायम गर्न उल्लेखनीय काम गरेको,

(३) मानव अधिकारको क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा देशको प्रतिष्ठा र ख्यति बढाएको,

(४) कुनै पनि विभेद र अन्यायविरुद्ध निरन्तर सक्रिय रही मानव अधिकार र सामाजिक सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको,

(५) आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा

यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्र वा आर्थिक रुपमा विपन्न नागरिकहरूको मानव अधिकार संरक्षण र सम्बर्द्धनमा उल्लेख्य योगदान पुऱ्याएको ।

(२) उपदफा (१) बमोजिम सिफारिश गर्दा समितिले लिङ्ग र क्षेत्र लगायत समावेशितालाई समेत विचार गर्नु पर्नेछ ।

**७. मानव अधिकार पुरष्कारका लागि सिफारिशका आधारः**

(१) मानव अधिकार पुरष्कारका लागि मूल्याङ्कनका आधार देहाय बमोजिम हुनेछन्ः-

(क) मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको लागि अनुसन्धान गरी सोको प्रकाशनद्वारा मानव अधिकार संस्कृतिको विकासमा योगदान पुऱ्याएको,

(ख) मानव अधिकारका क्षेत्रमा सक्रिय रही मानव अधिकारका सम्बन्धमा निरन्तर उत्कृष्ट र नतिजामूलक समाचार, लेख, रचना, टिप्पणी र प्रतिवेदन आदि लेखन प्रसारण तथा प्रकाशन गरेको,

(ग) मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि कुनै अभियान र कार्यक्रमका माध्यमले मानव अधिकारका विषयमा आयोग, सरकार र समाजको ध्यानाकृष्ट गराएको,

(घ) मानव अधिकारका क्षेत्रमा सक्रिय रही उत्कृष्ट र नतिजामूलक श्रव्य, दृश्य र छापा समेतका प्रकाशनका माध्यमले मानव अधिकारको क्षेत्रको सुधारका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको,

(ङ) मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्धन र प्रवर्द्धनका लागि लामो समयदेखि संलग्न र सक्रिय रही महत्वपूर्ण योगदान गरेको ।

(२) उपदफा (१) बमोजिम सिफारिश गर्दा समितिले लिङ्ग र क्षेत्र लगायत समावेशितालाई समेत विचार गर्नु पर्नेछ ।

**८. कर्मचारी प्रोत्साहन पुरष्कारका लागि सिफारिशका आधारः**

(१) कर्मचारी प्रोत्साहन पुरष्कारका लागि लागि छनौटका आधारहरू देहायबमोजिम हुनेछन् :

(१) आयोगमा कर्मचारीको रुपमा कम्तीमा तीन वर्ष सक्रिय रही अनुशासित रुपमा जवाफदेही ढंगले निरन्तर कार्य गरेको

(२) आयोगको कार्यसम्पादन गर्दा लक्षित वर्गले महसूस गर्ने किसिमले उल्लेखनीय योगदान पुऱ्याएको,

(३) आयोगप्रति पूर्ण रुपले निष्ठावान रही जनमानसमा आयोगको उज्ज्वल छवि कायम गराएको,

(४) सेवाग्राही तथा नागरिक समाजसँग सुसम्बन्ध कायम गर्न सफल रहेको,

(५) मानव अधिकार उल्लंघन वा दुरुत्साहनका कार्य विरुद्ध सक्रिय भूमिका निर्वाह गरेको ।

(२) निर्देशिका बमोजिम आवेदन नगर्ने कर्मचारीलाई पुरष्कारका लागि सिफारिश गरिने छैन ।

## परिच्छेद् ४

## मूल्याङ्कन विधि

**९. सिफारिशका लागि मूल्याङ्कनका विधि र प्रक्रियाः**

(१) सम्मान तथा मानव अधिकार पुरष्कारको मूल्याङ्कनको विधि देहायबमोजिम हुनेछ :-

(१) मूल्याङ्कनको अङ्क भार १०० कायम गरिएको छ ।

(२) दफा ६, ७ र ८ मा उल्लिखित प्रति आधार २० अङ्क विभाजित गएिको छ ।

(३) समितिमा रहेका सदस्य बीच सर्वसम्मति कायम हुन नसकेमा  वा समितिले चाहेमा संयोजक तथा सदस्यले छुट्टा छुट्टै मूल्याङ्कन गरी त्यसको कुल योगलाई मूल्याङ्कनकर्ताहरूको संख्याले भाग गरी खास योग कायम गरिने छ ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कनबाट सर्वाधिक अङ्क पाउने वा सर्वसम्मत भएमा समेत क्रमशः तीन व्यक्तिको नाम सम्मानित तथा पुरस्कृत हुनपर्ने आधारसहित आयोगमा पठाउनु पर्नेछ ।

(२) कर्मचारी प्रोत्साहन पुरष्कारको सिफारिशका लागि मूल्याङ्कन विधि र प्रक्रिया देहायबमोजिम   हुनेछ :

(१) पुरष्कारका लागि इच्छुक कर्मचारीले अनुसूची-१ बमोजिमको फारम भरी तोकिएको समयभित्र समितिसमक्ष आवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको फारममा आवेदक कर्मचारीले सो वर्षको बैशाखदेखि चैतसम्पन्न गरेका पाँच काम उल्लेख गरी तिनको स्वमूल्याङ्कन गर्नुपर्नेछ ।

(३) उप दफा (२) बमोजिम सम्बन्धित कर्मचारीले भरी पेश गरेको आवेदनको मूल्याङ्कन समितिको गर्नेछ ।

(४) समितिमा रहेको व्यक्ति पुरष्कार पाउने कामको लागि उम्मेदबार भए निजको सट्टा संयोजकले तोकेको अन्य कर्मचारीले सो काम गर्नेछ ।

(५) उपदफा (३) बमोजिम परीक्षण गर्दा मतैक्यता कायम नभएमा वा समितिले चाहेमा उप दफा (२) बमोजिमका आवेदकले उल्लेख गरेका कामलाई १०० पूर्णाङ्क मानी प्रत्येक सिफारिशकर्ताले दफा ८ को आधारमा अलग अलग मूल्याङ्कन गर्नु पर्नेछ । त्यसको कुल योगलाई मूल्याङ्कनकर्ताको संख्याले भाग गरी प्राप्त अङ्कलाई सो कर्मचारीको प्राप्ताङ्क मानिनेछ ।

(६) उपदफा (५) बमोजिम अङ्क प्रदान गर्दा ३० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिइएमा कारण खुलाउनु पर्नेछ ।

(७) दफा ४ (१) बमोजिमको पुरष्कारका लागि सिफारिश गर्दा देहाय (क) (ख) र (ग) को पुरष्कारका निमित्त समितिमा सर्वसम्मति भएमा समेत क्रमश तीन-तीन जनाको नाम आयोगमा सिफारिश गर्नु पर्नेछ ।

(८) आयोगका श्रेणीविहीन कर्मचारीले अनुसूची १ को प्रकरण ३ र ४ नभरे पनि उनीहरूको कामको मूल्याङ्कन दफा ८ का आधारमा गरिनेछ । तर कसैले विवरण भरेमा मूल्याङ्कन गर्दा समितिले यसमा विचार गर्नेछ ।

(९) कर्मचारीले निर्देशिकाको दफा ४ (१) को उपल्लो वर्गको पुरष्कारका लागि आवेदन गरे पनि सो भन्दा तल्लो वर्गको पुरष्कारका लागि सिफारिश गर्न समितिले सक्नेछ ।

## परिच्छेद् ५

## विविध

**१०. आयोगले निर्णय गर्नुपर्ने:**

(१) सम्मान तथा पुरष्कारको लागि समितिले सिफारिश गरेका व्यक्तिको नाम आयोग समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावित नाम मध्ये प्रत्येक विधामा सम्मान तथा पुरष्कारका लागि एक व्यक्तिलाई आयोगले छनोट गरी सम्मानित तथा पुरष्कृत गर्नेछ ।

(३) आयोगलाई उपयुक्त लागेमा सम्बन्धित विधामा संयुक्त रुपमा एक भन्दा बढी व्यक्तिलाई पनि सम्मानित वा पुरष्कृत गर्न सक्नेछ ।

**११. आयोगले व्यवस्था गर्ने:**

सम्मान वा पुरष्कारका लागि सिफारिश भएको व्यक्ति काठमाडौं उपत्यका बाहिरका भए समारोहमा उपस्थित हुन यातायात खर्च र अधिकृत प्रथम श्रेणीको कर्मचारीले पाउने सरहको दैनिक भत्ताको व्यवस्था आयोगले गर्नेछ । तर, आयोगका कर्मचारीलाई आयोगको नियमानुसार दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

**१२.व्याख्या:**

यो निर्देशिकामा उल्लेख गरिएका कुनै विषयमा अस्पष्टता भएमा आयोगले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१३. संशोधन**

आयोगले आवश्यक सम्झेमा यो निर्देशिका संशोधन गर्न सक्नेछ ।

**१४.खारेज:**

मानव अधिकार सम्मान तथा पुरष्कार निर्देशिका, २०७४ खारेज गरिएको छ ।

DRAFT

**अनुसूची-१**

(दफा ९ (२) (१) संग सम्बन्धित)

श्री सिफारिश समिति
कर्मचारी पुरस्कारका लागि सिफारिश समिति
राष्ट्रिय मानव अधिकार आयोग

**विषयः पुरस्कारका लागि आवेदन**

निर्देशिकाको दफा ४(१) बमोजिमको पुरष्कारका लागि आफ्नो दावीसहित आवेदन पेश गरेको छु :-

१. अवधि : ..........बैशाखदेखि..........चैतसम्म
२. निर्देशिकाको दफा ४ (१) को देहाय (क), (ख) र (ग) मध्ये कुन वर्गका लागि आवेदन गरेको हो, त्यसमा रेजा ( ✔ ) लगाउने,
३. आफूले आयोगका निमित्त सम्पन्न गरेका पाँच काम
(क)
(ख)
(ग)
(घ)
(ङ)

- कामहरु उल्लेख गर्दा दफा ८ का आधारमा केन्द्रित हुनु पर्नेछ।
- आवश्यक परेमा कामको विवरण दिन छुट्टै कागजको प्रयोग गर्न सकिने छ।

४. प्रकरण ३ मा भरेका विवरणको स्वमूल्याङ्कनमा रेजा ( ✔ ) चिन्ह लगाउने

| | | | | | |
|---|---|---|---|---|---|
| काम (क) का लागि | क | - | ख | - | ग |
| काम (ख) का लागि | क | - | ख | - | ग |
| काम (ग) का लागि | क | - | ख | - | ग |
| काम (घ) का लागि | क | - | ख | - | ग |
| काम (ङ) का लागि | क | - | ख | - | ग |

आवेदक
१. नाम :
२. पद :
३. कार्यालय :
४. हस्ताक्षर :

निर्देशिका पारित मिति २०७६/०१/१३